**रामग्राम नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड ३ रामग्राम, असार १० गते, २०७७ साल संख्या ३**

## भाग-१

# रामग्राम नगरपालिकाको विनियोजन ऐन, २०७७

रामग्राम नगरपालिका, नवलपरासी को आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०७७/०३/१०

**प्रस्तावना :** रामग्राम नगरपालिका, नवलपरासीको आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम रामग्राम नगरपालिका, नवलपरासीको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "रामग्राम नगरपालिका, नवलपरासीको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७७/७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०७७/७८को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ७७,९८,९६,२००.०० (अक्षेरुपी रुपैयाँ सतहत्तर करोड अन्ठान्नब्बे लाख छ्यान्नब्बे हजार दुइ सय मात्र | ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/७८को निमित्त रामग्राम नगरपालिका, नवलपरासीको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूची १**

**आय तथा व्ययको प्रक्षेपण**

आ.व. : २०७७/७८

रु. हजारमा

| शीर्षक | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०७६/७७ को संशोधित अनुमान | आ.व. २०७७/७८ को अनुमान |
|---|---|---|---|
| राजस्व | | | ७,२८,५०३ |
| आन्तरिक श्रोत | | | १,२७,७४६ |
| ११३१३ एकीकृत सम्पती कर | | | १४,००० |
| ११३१४ भुमिकर/मालपोत | | | ५,००० |
| ११३२१ घरवहाल कर | | | २,५०० |
| ११३२२ वहाल विटौरी कर | | | ७,५०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | | | ३०० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | | ५० |
| ११४७९ अन्य मनोरञ्जन कर | | | ५ |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | | | १०० |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | | | ५० |
| ११६९१ अन्य कर | | | ८० |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | | | ५,००० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | | | ५,८२३ |
| १४२२१ न्यायिक दस्तूर | | | ५ |
| १४२२४ परीक्षा शुल्क | | | ५ |

| | | | |
|---|---|---|---|
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | | | २,००० |
| १४२४२ नक्सापास दस्तुर | | | १५,००० |
| १४२४३ सिफारिश दस्तुर | | | ५,००० |
| १४२४९ अन्य दस्तुर | | | ३,००० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | | | ३०० |
| १४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | | | ३० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | | | ५० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | | | ५०० |
| १४३१३ धरौटी सदरस्याहा | | | ५० |
| १४५११ बीमा दावी प्राप्ति | | | ५ |
| १४५२९ अन्य राजस्व | | | ७,५०० |
| १४६११ व्यवसाय कर | | | २,५०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | | | १,४९,७९१ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | | | ४०,००० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर [राजस्व बाँडफाँड - संघीय सरकार] | | | १,००,९३६ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | | | ८,८५५ |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ५,०२,००६ |
| संघीय सरकार | | | ४,७६,१४० |
| १३३११ समानिकरण अनुदान | | | १,६४,५०० |
| १३३१२ शसर्त अनुदान चालु | | | २,७१,३४० |
| १३३१४ विषेश अनुदान चालु | | | ३५,००० |
| १३३१६ समपुरक अनुदान चालु | | | ५,३०० |
| प्रदेश सरकार | | | २५,८६६ |
| १३३११ समानिकरण अनुदान | | | ५,८६६ |
| १३३१६ समपुरक अनुदान चालु | | | २०,००० |
| वित्तीय व्यवस्था (प्राप्ति) | | | ० |
| अन्य आय | | | २ |
| १५११२ निकासा फिर्ता | | | १ |
| १५११३ अनुदान फिर्ता | | | १ |
| जनसहभागिता | | | ३५० |
| १३४१२ अन्य व्यक्तिगत आन्तरिक अनुदान | | | ३५० |
| | | | |
| व्यय | | | ७,७९,८९६ |
| चालु खर्च | | | ४,३३,७४८ |
| २११११ पारिश्रमिक कर्मचारी | | | १,५९,९१४ |
| २११२१ पोशाक | | | १,५७० |
| २११२२ खाद्यान्न | | | ३४५ |
| २११२३ औषधीउपचार खर्च | | | १०० |
| २११३२ महंगी भत्ता | | | २,४०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | | | १,००० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | | | ४,२०० |
| २११३९ अन्य भत्ता | | | १,९२२ |

| | | | |
|---|---|---|---|
| २११४१ पदाधिकारी बैठक भत्ता | | | १,९९६ |
| २११४२ पदाधिकारीअन्य सुबिधा | | | २०,२९४ |
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | | | ४,०२० |
| २१२१३ कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | | | ५१३ |
| २१२१४ कर्मचारी कल्याण कोष | | | ५,००० |
| २२१११ पानी तथा बिजुली | | | २,८६० |
| २२११२ संचार महसुल | | | २,१०७ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | | | ४,०८० |
| २२२१३ सवारी साधन मर्मत खर्च | | | १,९६० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | | | १,२०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | | २,२२२ |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | | | १,५०० |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | | | ५०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | | | ५,६०२ |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | | | २०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | | | १०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | | २,९२४ |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | | | ८६० |
| २२४११ सेवा र परामर्श खर्च | | | ११,०७६ |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | | | १,२०० |
| २२४१३ करार सेवा शुल्क | | | १८,४०१ |
| २२४१४ सरसफाईसेवा शुल्क | | | ८३२ |
| २२४१९ अन्य सेवा शुल्क | | | २०० |
| २२५११ कर्मचारी तालिम खर्च | | | ५०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | | | ८,०६० |
| २२५२२ कार्यक्रम खर्च | | | ९७,०८३ |
| २२५२९ विविध कार्यक्रम खर्च | | | २०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | | | १,१८४ |
| २२६१२ भ्रमण खर्च | | | २,४०० |
| २२६१९ अन्य भ्रमण खर्च | | | १५० |
| २२७११ विविध खर्च | | | २,९४८ |
| २२७२१ सभा सञ्चालन खर्च | | | १,००० |
| २५३१३ उपभोक्ता समिति तथा गैर सरकारी संस्था सहायता | | | ५०० |
| २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | | | १,००० |
| २५३१५ अन्य सस्था सहायता | | | ३१,८७० |
| २६४१३ अन्य संस्थालाई सःशर्त चालु अनुदान | | | १२,६०४ |
| २६४२३ अन्य संस्थालाई सःशर्त पुँजीगत अनुदान | | | २,२०० |
| २७२१३ औषधीखरिद खर्च | | | ३,५५० |
| २८१४२ घरभाडा | | | ६०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | | | ३०० |
| २८२११ राजस्व फिर्ता | | | २,५०० |
| २८९११ भैपरी आउने चालु खर्च | | | ४,००० |
| पुँजीगत खर्च | | | ३,४६,१४८ |

| | | | |
|---|---|---|---|
| ३११११ आवासीय भवन निर्माण/खरिद | | | ४,४०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | | | १५,६५० |
| ३११२१ सवारी साधन | | | २,२०० |
| ३११२२ मेशिनरी तथा औजार | | | ९,४०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | | | ३,०२० |
| ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | | | १,५०० |
| ३११५१ सडक तथा पूल निर्माण | | | ८६,०८८ |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | | | २,३०० |
| ३११५५ सिंचाई संरचना निर्माण | | | १,९५० |
| ३११५६ खानेपानी संरचना निर्माण | | | ४१,४५० |
| ३११५७ वन तथा वातावरण संरक्षण | | | ५०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | | | १,२८,३४५ |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | | | १,७०० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | | | ३६,६४५ |
| ३१५११ भैपरी आउने पूँजीगत | | | ११,००० |
| बजेट बचत (+)/न्यून (-) | | | (५१,३९३ |
| गत वर्षको नगद मौज्दात | | | ५१,३९३ |

**प्रमाणीकरण मितिः २०७७/३/१०**

**आज्ञाले**
**रुद प्रसाद रेग्मी**
**प्रमुख प्रशासकीय अधिकृत**